# सानिमा जनरल इन्स्योरेन्स लिमिटेड

को

विशेष साधारण सभाको

निर्णय विवरण (माईन्युट)

| | | |
|---|---|---|
| मिति | : | **२०७९ साल आषाढ १५ गते बुधवार ।** |
| समय | : | बिहान १०:०० बजे |
| स्थान | : | धुम्रबराह पार्टी प्यालेस, घुम्वाराही, काठमाण्डौ । |

१. **बैधानिक सभा :**

मिति २०७९ साल जेष्ठ २९ गते बसेको सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको १०४ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०७९ साल आषाढ १५ गते बुधबार (तद्नुसार २९ जुन, २०२२)

२.२ स्थान : धुम्र बराह पार्टी प्यालेस, घुम्वाराही, काठमाण्डौ ।

२.३ समय : बिहान १०:०० बजे देखि ।

३. **सभाको सूचना :**

३.१ यस कम्पनीको मिति २०७९ साल जेष्ठ २९ गते बसेको सञ्चालक समितिको १०४ औं बैठकबाट मिति २०७९ साल आषाढ १५ गते विशेष साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम मिति २०७९ साल जेष्ठ ३० गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सूचना प्रकाशित गरी मिति २०७९ साल आषाढ ७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा पून : स्मरणार्थ दोश्रो सूचना प्रकाशित गरिएको थियो ।

४. **आसन ग्रहण :**

४.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री खेमराज लामिछाने, सञ्चालकहरु क्रमश: डा. हेमन्त कुमार दवाडी, श्री दिलिप श्रेष्ठ, श्री सोनाम ग्याछो, श्री दामोदरप्रसाद आचार्य, श्री प्रपुजा पोखरेलले तथा प्रकाश मान श्रेष्ठले आसन ग्रहण गर्नुभयो ।

४.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री सुद्युम्न प्रसाद उपाध्यायले आसन ग्रहण गर्नुभयो ।

४.३ सभामा सहभागी हुनु भएका कम्पनीका संस्थापक शेयरधनीहरु तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई यथा स्थानमा आसन ग्रहण गर्नका लागि अनुरोध गरिएको थियो ।

५. **सभाको सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम साधारण सभाको सभापतित्व कम्पनीका अध्यक्ष श्री खेमराज लामिछानेज्यूले गर्नु भई सभाको कार्यक्रम अगाडी बढाउन सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठलाई अनुमति प्रदान गर्नु भयो ।

सानिमा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

६. **गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ७०.७५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी ५९ जना स्वयं तथा ४८ जना प्रोक्सी मार्फत उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुगेको र सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा सभामा जानकारी गराइयो ।

७. **उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री खेमराज लामिछाने | अध्यक्ष |
| २. डा. हेमन्त कुमार दवाडी | सञ्चालक (प्रतिनिधि सानिमा प्रा. लि.) |
| ३. श्री दिलिप श्रेष्ठ | सञ्चालक |
| ४. श्री सोनाम ग्याछा | सञ्चालक |
| ४. श्री दामोदरप्रसाद आचार्य | सञ्चालक |
| ५. श्री प्रपूजा पोखरेल | सञ्चालक |
| ६. श्री प्रकाश मान श्रेष्ठ | सञ्चालक |

**(ख) शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| स्वयं उपस्थिति | ५९ |
| प्रतिनिधि मार्फत उपस्थिति | ४८ |
| जम्मा उपस्थिति | १०७ |

**(ग) शेयरधनी उपस्थिति संख्या :**

| कुल चूक्ता शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| १०,०००,००० | २,९७३,००० | ४,१०२,९०० | ७,०७५,९०० | ७०.७५ |

८. **सभामा छलफल गरिने प्रस्तावहरुको सूची प्रस्तुत :**

सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले पूर्व निर्धारित सूचना अनुसार सभामा छलफलका लागि पेश भएका देहायका प्रस्तावहरु प्रस्तुत गर्नुभयो ।

**(क) विशेष प्रस्ताव :**

(१) यस कम्पनीले भविष्यमा कुनै निर्जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी निर्णय गर्न तथा तत् सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पत्ति र दायित्व मुल्याङ्कन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायतका मर्जर सम्बन्धी सम्पूर्ण अन्य आवश्यक प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ख) विविध :**

**९. मन्तव्य प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री खेमराज लामिछानेज्यूले मन्तव्य व्यक्त गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०.** सभाका सभापतिज्यूले मन्तव्य व्यक्त गर्नुभए पश्चात विशेष साधारण सभामा पेश गरिएको विशेष प्रस्ताव उपर आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनु भई आफ्नो मन्तव्य व्यक्त गर्नुभयो ।

क ) शेयरधनी अधिवक्ता श्री अशोक उप्रेती

ख ) शेयरधनी श्री डमरु बल्लभ धिमिरे

ग ) शेयरधनी श्री शिव प्रसाद पौडेल

घ ) शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ

**११.** शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण सुझाव तथा जिज्ञासाहरुका लागि अध्यक्षज्यूबाट धन्यवाद सहित सभामा उठेका जिज्ञासाहरुको जवाफ दिनुहुदै शेयरधनीहरुले यस सभामा व्यक्त गर्नु भएका महत्वर्पुण बिचारका लागि धन्यबाद दिनु भयो साथै नियामक निकाय श्री बीमा समितिको निर्देशन पालन गर्नु यस कम्पनीको दायित्व तथा जिम्मेवारी भएको व्यहोरा जानकारी गराउनुका साथै कम्पनीले आगामी दिनमा लिने मर्जर तथा प्राप्ती सम्बन्धी निर्णयमा यस कम्पनीका शेयरधनीहरुको अधिकतम हित र कम्पनीले छोटो समयमा बीमा व्यवसायमा गरेको प्रगति तथा कम्पनीको आफ्नो पहिचान कायम राखेर मात्र निर्णय लिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**१२. सभाबाट भएका निर्णयहरु :**

प्रस्तुत विशेष प्रस्ताव उपर शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको प्रत्यूत्तर भई सकेको हुँदा सभा सञ्चालक एवं कम्पनी सचिव श्री सुबोध लाल श्रेष्ठले सभाका सभापतिज्यूको अनुमति लिई छलफलका विषयहरु पारित गर्नका लागि सभा समक्ष पेश गर्नु भएकोमा देहाय बमोजिम प्रस्तावहरु पारित गरियो ।

सानिमा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

**क) <u>विशेष प्रस्ताव तथा सो मा भएको निर्णय :</u>**

१. यस कम्पनीले भविष्यमा कुनै निर्जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी निर्णय गर्न तथा तत् सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पत्ति र दायित्व मुल्याङ्कन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायतका मर्जर सम्बन्धी सम्पूर्ण अन्य आवश्यक प्रक्रिया पूरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. (१) को सम्बन्धमा छलफल गर्दा यस कम्पनीले भविष्यमा कुनै निर्जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी निर्णय गर्न तथा तत् सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पत्ति र दायित्व मुल्याङ्कन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न लगायतका मर्जर सम्बन्धी सम्पूर्ण अन्य आवश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरीयो ।

**ख) <u>विविध प्रस्ताव तथा सोमा भएको निर्णय :</u>**

विविध बिषयमा कुनै प्रस्तावहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।

**१३. धन्यबाद ज्ञापन :**

कम्पनीको विशेष साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी व्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका अध्यक्षबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति तथा कम्पनीका अध्यक्षज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले कम्पनीको विशेष साधारण सभा बिहान १०:४५ बजे बिसर्जन गर्नुभयो ।

श्री सुबोध लाल श्रेष्ठ
(नायव महाप्रबन्धक/कम्पनी सचिव)

सागरमाथा जनरल इन्स्योरेन्स लि. केन्द्रीय कार्यालय काठमाडौं

श्री खेमराज लामिछाने
(अध्यक्ष)

मिति : २०७९ साल आषाढ १५ गते बुधवार ।